वकालत मञ्च-नेपाल
ADVOCACY FORUM- NEPAL
Lawyers forum for human rights and rule of law

**प्रेश वक्तव्य**
**११ श्रावण २०७८**

# निर्मला पन्तलाई न्याय खोई ?

सूदुर पश्चिम प्रदेशको कञ्चनपुर जिल्लाकी १३ बर्षिय बालिका निर्मला पन्तको बलात्कार पछि हत्या भएको आज तीन बर्ष पुगेको छ । उनी २०७५ साउन १० गतेका दिन साथी रोशनी बमको घरमा गृहकार्य गर्न भनी गएकी र सोही दिउँसो २ बजे देखि हराएकी थिइन । त्यसको भोलीपल्ट बिहान उनको मृत शरिर नजिकैको उँखुबारीमा भेटिएको थियो ।

यस घटनाको अनुसन्धानका लागि प्रहरी र सरकारले विभिन्न अनुसन्धान टोली गठन गरे पनि आजका मितिसम्म सो घटनाको अनुसन्धान टुङ्गिएको छैन साथै पीडकलाई कानूनी कठघरामा उभ्याउन सकेको छैन । प्रहरीले निष्पक्ष अनुसन्धान गर्न नसकेको र बास्तविक हत्यारालाई बचाउन मानसिकरुपमा अस्वस्थ व्यक्तिलाई यातना दिएर अपराध कबोल गर्न लगाएको भन्दै स्थानीय र मानव अधिकारकर्मीहरुले गरेको बिरोध प्रदर्शनका क्रममा प्रहरीले गोली चलाउँदा १४ बर्षिय बालक सनी खुनाको मृत्यु हुनुका साथै आधा दर्जन भन्दा बढि व्यक्तिहरु गम्भिर घाइते भएका थिए ।

राष्ट्रिय मानव अधिकार आयोगको अनुसन्धान प्रतिवेदनले पनि सो घटनामा प्रहरीको अनुसन्धान टोलीले घटनास्थलको सुरक्षा गर्न नसकेको र प्रमाण केलाउन महत्वपूर्ण हुने निर्मलाको सुरुवाल धुने जस्ता काम गरेकोले प्रमाण संकलनमा गम्भिर त्रुटि भएको औंल्याएको छ । त्यस्तै गरी सो प्रतिवेदनले प्रमाण संकलनमा महत्वपूर्ण मानिएको निर्मलाको स्वाब संकलन र सरक्षामा पनि त्रुटि भएको निष्कर्ष निकालेको छ । २०७६ माघ १३ गते आयोगले ४ वटा सुझावहरु र २४ वटा निर्देशनहरु सहितको प्रतिवेदन सरकारलाई हस्तान्तरण गरेको थियो जुन हालसम्म पनि कार्यान्वयन भएको छैन ।

असफल अनुसन्धान पछि प्रहरीको अनुसन्धान टोलीमाथि दुईवटा उजुरीहरु दर्ता भए : एउटा निर्मला पन्तकी आमा दुर्गा देवीले हालेको प्रमाण लोप गरी न्यायमा अबरोध गरेको र अर्को दिलिप सिं विष्टलाई प्रहरी हिरासतमा चरम यातना दिएको । तर अरु दुईवटा यातना सम्बन्धी उजुरी भने प्रहरीले दर्ता गर्न इन्कार गरेका थिए । मिति २०७७ साउन १५ गते दुईवटै उजुरीहरुमाथि सुनुवाई गर्दै कञ्चनपुर जिल्ला अदालतले मागदाबी बमोजिम प्रमाण नपुग्ने फैसला गरी आरोपितहरुलाई उन्मुक्ति दिएको थियो । साधारणतयाः यस्ता मुद्दाहरुमा जिल्ला अदालतको फैसला उपर पुनरावेदन गर्ने प्रचलन हुँदाहुँदै पनि यी दुईवटै मुद्दामा महान्यायाधिवक्ताको कार्यालयले पुनरावेदन नगर्ने निर्णय गरेको छ । यसले पीडितलाई यातना विरुद्ध न्याय र पीडकलाई कानून बमोजिम सजाय हुन सक्ने कानूनी व्यवस्थालाई अवरुद्ध गरेको छ ।

हालै पीडितका आफन्तले हालेको निवेदनमाथि सम्बोधन गर्दै प्रधानमन्त्री शेर बहादुर देउवाले गृह मन्त्री बालकृष्ण खाँड र प्रहरी महानिरिक्षक शैलेश थापा क्षेत्रीलाई छिटो भन्दा छिटो अनुसन्धानलाई निष्कर्षमा पुर्याई हत्यारालाई कानून बमोजिम सजाय गर्न निर्देशन दिएका छन । प्रधानमन्त्रीवाटै यस मुद्दामा गम्भिर चाँखो

देखाइएकोमा वकालत मञ्च यस कदमको स्वागत गर्दछ । एउटा पत्रिकालाई अन्तर्वार्ता दिने क्रममा प्रहरी उपरिक्षक उमा प्रसाद चतुर्वेदीले इमानदारीतापूर्वक सुक्ष्म अनुसन्धान गरिए पनि अनुसन्धान तार्किक निष्कर्षमा पुग्न नसकेको बताएका छन ।

निर्मला पन्तको हत्या पछि बलात्कार भएको घटनाको तेस्रो बार्षिकीको सन्दर्भमा वकालत मञ्च नेपालले अनुसन्धानकर्ता, अभियोजनकर्ता र न्यायीक निकायहरु पीडितलाई न्यायको प्रत्याभूत गर्न कहाँ चुक्यो र के कस्ता कमीकमजोरीहरु देखिए भन्ने तथ्यहरुलाई केलाउँदै **"निर्मला पन्तलाई न्याय खोई ?"** नामक प्रतिवेदन सार्वजनिक गरेको छ ।

यस प्रतिवेदनले निर्मलालाई न्याय सुनिश्चित गर्न र भविष्यमा बलात्कार र हत्या जस्ता घटनाहरुमा प्रहरी अनुसन्धान असफल हुन नदिन निम्न सुझावहरु पेश गरेको छ :

१. शंकास्पद सबैलाई अनुसन्धानको दायरामा ल्याई अनुसन्धानलाई द्रुत गतिमा अगाडि बढाउनु पर्ने ।

२. स्वतन्त्र र निष्पक्ष अनुसन्धानलाई बढावा दिन प्रहरी संगठनको संस्थागत सुधार गर्नु पर्ने र प्रहरी संगठनलाई राजनीतिक हस्तक्षेप र प्रभाववाट मुक्त गर्नु पर्ने ।

३. सर्वोच्च अदालतले निर्देशन गरे बमोजिम प्रहरी र सुरक्षा निकायहरु संलग्न भएका मानव अधिकार उल्लंघनका घटना, यातना, गैह्रन्यायिक हत्या र अत्याधिक बल प्रयोग लगायतका घटनाहरुको अनुसन्धान गर्न एउटा अधिकार सम्पन्न स्वतन्त्र अनुसन्धान संयन्त्रको स्थापना गर्नु पर्ने ।

४. अनुसन्धान अधिकारीले निष्पक्ष र स्वतन्त्र अनुसन्धान गर्न लापरवाही गरेमा वा तत्परता नदेखाएमा त्यस्ता अधिकारीलाई कारबाही स्वरुप अनुसन्धान गर्ने जिम्मेवारीवाट हटाउने लगायतका कारबाही गर्ने र यदि उनीहरुसँग प्रर्याप्त ज्ञान र सीपको अभाव देखिएमा वा आफ्नो जिम्मेवारी वहन गर्न लापरवाही वा असक्षम रहेको पाईएमा उनीहरुलाई निलम्बन समेत गर्न सक्ने गरी प्रहरीको आन्तरिक नीति नियमहरु पुनरावलोकन गरिनु पर्ने ।

५. सुरक्षा फौज संलग्न मानव अधिकार हननका मुद्दाहरुमा माथिल्लो अदालतमा अनिवार्यरुपमा पुनरावेदन गरिनु पर्ने गरी कानूनमा संशोधन गरिनु पर्ने ।

ओम प्रकाश सेन ठकुरी
कार्यकारी निर्देशक
वकालत मञ्च - नेपाल

**Head Office:** P. O. Box No. 21798, Lamtangin Marg, House No: 843/23, Baluwatar, Kathmamndu, Nepal, Phone: 977-1-4425561/4432309, Email:info@advocacyforum.org, URL: www.advocacyforum.org

**Provencial/District Offices :**
Morang (Province -1), Dhanusha Dham (Province -2), Pokhara (Gandaki Province), Bhairahawa and Nepalgunj (Lumbini Province), Surkhet (Karnali Province) and Mahendranagar (Sudurpaschim Province)